annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १२३ पृष्ठ ८ | काठमाडौं, शनिबार १५ भदौ २०८१ | भाद्र कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४४ | SATURDAY, AUGUST 31, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

# हाइड्रोजन इन्धनको युगमा नेपाल

## प्रधानमन्त्रीले ओलीले गरे हाइड्रोजन ल्याबको उद्घाटन

**सुनिता कार्की / रोजन तामाङ** | *काठमाडौं*

काठमाडौं विश्वविद्यालय (केयू)ले निर्माण गरेको मुलुककै पहिलो हाइड्रोजन रिफ्युलिङ स्टेसन तथा हाइड्रोजन गाडीको औपचारिक उद्घाटन भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले केयूद्वारा नेपाल आयल निगमको सहयोगमा स्थापित नेपालको पहिलो ग्रिन हाइड्रोजन उत्पादन, भण्डारण तथा रिफ्युलिङ स्टेसनको उद्घाटन गरेका हुन्।

देशलाई युगान्तकारी परिवर्तनमा लैजाने यो परियोजना शुक्रबार प्रधानमन्त्री ओलीले उद्घाटन गरेका हुन्। कानुन बनेर बृहत्तर उपयोगमा आएपछि ग्रिन हाइड्रोजन परियोजनाले देशको विकासमा कायापलट गर्नेछ। शुक्रबार काठमाडौं विश्वविद्यालयको २९औं दीक्षान्तको दोस्रो चरणमा सरिक हुने क्रममा विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओली विश्वविद्यालय परिसरबाट दीक्षान्त समारोहसम्म ग्रिन हाइड्रोजन कारमा सवारी भएर पुगेका हुन्।

केयूले २०७७ साल साउनदेखि ग्रिन हाइड्रोजन ल्याब स्थापना गरी अनुसन्धान तथा प्रयोग गर्दै आएको छ। विशेषत: जलवायु परिवर्तनले निम्त्याउँदै गरेको वातावरणीय जोखिमलाई न्यूनीकरण गर्ने तथा जीवाश्म इन्धन खपतको कटौती गर्ने उद्देश्यले यो ल्याबको स्थापना गरिएको हो। युरिया मल कारखानाको सञ्चालन, फलाम खनिजको प्रशोधन तथा सिमेन्ट उद्योगहरूमा कोइलाको विस्थापनका लागि समेत ग्रिन हाइड्रोजनको प्रयोग गर्ने गरी केयूले अनुसन्धान गरिरहेको छ।

उद्घाटनपछि केयूमा हाइड्रोजनसम्बन्धी विद्यावारिधि गर्दै गरेका पाँच शोधकर्तासँग अन्तरक्रिया गर्दै प्रधानमन्त्री ओलीले नेपाल सरकारले आवश्यक पर्ने नीति, नियमहरूको तर्जुमा गर्दै हाइड्रोजन प्रविधिलाई व्यावसायिक प्रयोजनमा सकेसम्म चाँडो लैजाने बताए। नेपाल सुहाउँदो अनुसन्धान सुरुवात गरेकोमा उपकुलपतिलगायत सम्पूर्ण सोधकर्तालाई ओलीले बधाई तथा शुभकामनासमेत दिए। 'नेपाल आयल निगम भविष्यमा हाइड्रोजन इन्धनको व्यवसाय गरी निर्यात गर्न सक्ने अवस्थामा पुग्ने कुरामा म आशावादी छु,' ओलीले भने। केयूस्थित ग्रिन हाइड्रोजन ल्याबका प्रमुख तथा सहप्राध्यापक डा. विराजसिंह थापाले निकै लामो समयको अनुसन्धानपश्चात् स्थापित हाइड्रोजन रिफ्युलिङ स्टेसनको उद्घाटनले नेपाल औपचारिक रूपमा नै हाइड्रोजन युगमा प्रवेश गरेको बताए। 'काठमाडौं विश्वविद्यालयको अनुसन्धानले हाइड्रोजनको प्रयोग मार्फत उद्योगहरूमा प्रयोग हुने जीवाश्म इन्धनको प्रतिस्थापन हुने सम्भाव्यतालाई प्रमाणित गरिसकेको छ,' थापाले बताए।



**काठमाडौं विश्वविद्यालयमा ग्रिन हाइड्रोजन ल्याब उद्घाटनका क्रममा त्यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीलाई विस्तृतमा जानकारी गराइँदै।** ● अन्नपूर्ण

नेपाल सरकारले ऊर्जा मन्त्रालयमार्फत काठमाडौं विश्वविद्यालयका विज्ञ प्रतिनिधिसमेत संलग्न कार्यदल गठन गरी राष्ट्रिय हाइड्रोजन नीति २०८० पारित गरिसकेको छ। यस नीतिलाई व्यावसायिक परियोजनाहरूमा कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिमा निर्माणको क्रममा छन्।

**नेपालमा हाइड्रोजन इन्धनको विकासक्रम**

हाइड्रोजनलाई विगत केही समयदेखि नवीनतम ऊर्जाको भविष्यका रूपमा लिइएको छ। नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जनाएको शून्य कार्बन उत्सर्जनको प्रतिबद्धता पूरा गर्न ग्रिन हाइड्रोजन ऊर्जाको उत्पादन र प्रयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिएको छ। नेपालले २०६५ मा नै यससम्बन्धी अध्ययन गरेको थियो। त्रिभुवन विश्वविद्यालय र वेस्टर्न मिचिगन विश्वविद्यालयले संयुक्त रूपमा नेपालमा हाइड्रोजन ऊर्जाको सम्भावनासम्बन्धी अध्ययन गरेका थिए। जलविद्युत् प्रयोग गरी हाइड्रोजन तथा यसको सहउत्पादन गर्न र सोको उपयोग गरी पेट्रोलियम पदार्थको आयातमा न्यूनीकरण गर्न सकिने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

» बाँकी पृष्ठ ६

## प्रहरीमा ३० वर्षे सेवा अवधि लागू नगर्न दिएको अन्तरिम आदेश खारेज

**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधि तत्काल कार्यान्वयन नगर्न, नगराउन दिएको यसअघि जारी अन्तरिम आदेश खारेज गरेको छ। न्यायाधीशद्वय विनोद सुवेदी र सारंगा सुवेदीको संयुक्त इजलासले यसअघिको अन्तरिम आदेश खारेज गर्ने आदेश दिएको हो। यसअघि न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठलगायतले दिएको रिट निवेदनमा सुनुवाइ गर्दै ३० वर्षे सेवा अवधिको आधारमा सेवाबाट अवकाश हुने भनी दिइएका पत्राचारहरू कार्यान्वयन नगर्न, नगराउन अन्तरिम आदेश दिएको थियो।

न्यायाधीश फुयाँलले भदौ ६ गते गरेको आदेश खारेजको माग गर्दै गृह मन्त्रालयको तर्फबाट तत्कालीन गृहसचिव एकनारायण अर्यालले भदौ १२ गते भ्याकेट निवेदन दर्ता गरेका थिए। सोही निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले यसअघि गरेको अन्तरिम आदेश खारेज गरेको हो। अन्तरिम आदेश खारेज भएसँगै प्रहरीमा ३० वर्षे सेवा अवधि कायम भएको छ।

## दक्षिण अफ्रिकामा ३ महिनामा ६ हजार बढीको हत्या

**जोहनेसबर्ग** (एएफपी) : अपराध नियन्त्रण नयाँ गठबन्धन सरकारको प्रमुख मुद्दा बनेको दक्षिण अफ्रिकामा अप्रिलदेखि जुनको बीचमा करिब ६ हजार २ सय व्यक्तिको हत्या भएको प्रहरी आँकडाले देखाएको छ। प्रहरीमन्त्री सेन्जो म्याकचुनुले तीन महिनामा ६ हजार १ सय ९८ व्यक्तिको हत्या भएको जानकारी दिए। यो आंकडा एक वर्षअघिको समान अवधिको तुलनामा शून्य दशमलव पाँच प्रतिशतले कम हो।

'यो आँकडाले हामीसामु आउने चुनौतीहरूको गम्भीरतालाई प्रतिविम्बित गर्दै एउटा कथा बताउँछ', मन्त्री म्याकचुनुले भने। दक्षिण अफ्रिकामा शान्तिकालमा प्रतिव्यक्ति हत्या दर विश्वमा सबैभन्दा धेरै छ। महिला र बालबालिकामाथि हुने यौन आक्रमणका लागि कुख्यात मुलुक दक्षिण अफ्रिकामा बलात्कारका घटनाहरू गत वर्षको यही तीन महिनाको अवधिको तुलनामा शून्य दशमलव ६ प्रतिशतले बढेका छन्। अप्रिलदेखि जुनको बीचमा मुलुकमा कुल ९ हजार ३ सय ९ वटा बलात्कारका घटना दर्ता गरिएका छन्। यस अवधिमा प्रहरी कारबाहीमा ४४ हजार ७ सय ३५ लागूऔषधसँग सम्बन्धित अपराध फेला परेको प्रहरीले बताएको छ। 'हामीले लागूऔषध सिन्डिकेटलाई लक्षित गर्दै महत्वपूर्ण अभियान चलाएका छौं, यसबाट ठूलो मात्रामा अवैध लागूऔषध बरामद गरिएको छ', मन्त्री म्याकचुनुले भने। विशिष्ट प्रहरी एकाइले जोहानेसबर्गको उत्तरमा दुर्गम खेतमा लुकाइएको करोडौं डलरको क्रिस्टल मेथ प्रयोगशालामा छापा मार्दा गत महिना तीन मेक्सिकाली र दुई दक्षिण अफ्रिकी पक्राउ परेका थिए।

अर्को छुट्टै घटनामा प्रहरीले २५ करोड २० लाख र्‍यान्ड (करिब १ करोड ४० लाख डलर) मूल्यको कोकिनका इँटा भरिएका १४ वटा झोला बरामद गरेपछि एकजना रुसीलाई दक्षिण अफ्रिकीसँगै पक्राउ गरिएको थियो। मे महिनाको निर्वाचनपछि आफ्नो अफ्रिकी नेसनल कांग्रेसले मध्यमार्गी डेमोक्रेटिक गठबन्धन र अन्य साना दलहरूसँग असहज गठबन्धन गर्न बाध्य राष्ट्रपति सिरिल रामफोसाको नयाँ गठबन्धन सरकारसामु अपराध प्रमुख मुद्दा बनेको छ।




कभर स्टोरी

# उच्छृंखल गीतले हराउँदै तीजको मौलिकता

**तीज नजिकिँदै गर्दा तीज गीतको रौनक बढ्दो छ। यद्यपि पछिल्लो समय तीज गीतमा मौलिकता हराउँदै गएको देखिन्छ। कतिपय गीतहरूप्रति सामाजिक सञ्जालमा निकै व्यंग्य गरिएको पाइन्छ। भाइरल हुने लोभमा केही अश्लील शब्दसहितका गीत पनि बजारमा व्याप्त छन्। भ्युज बटुल्ने होडबाजीले मौलिक गीतका सर्जकहरू मारमा परेका छन्। तर पनि बर्सेनि तीजका राम्रा गीतको पर्खाइमा बस्ने श्रोता एवं दर्शक भने भाइरल गीतको पछाडिभन्दा सभ्य र मौलिक तीज गीतमै रमाउँछन्।**

तारा चापागाईं / अजवी पौड्याल | *काठमाडौं*

- को रिपोर्ट

समाचार पृष्ठ २

# बम विस्फोटबाट एकै घरका २ नाबालकको निधन

**भीमकुमार बाँस्कोटा** | *फिदिम*

पाँचथरको फालेलुङ गाउँपालिका– ५ स्थित कालिका माध्यमिक विद्यालय प्राङबुङको कक्षा ६ मा अध्ययनरत ११ वर्षीय दिप्सन साँवा बिहीबार सबेरै घर फर्किए। विद्यालयमा परीक्षा चलिरहेकाले दिप्सनजस्तै डाँडागाउँका अरू थुप्रै केटाकेटी चाँडै घर पुगेका थिए।

घरमा पुगेर दिप्सनले दुई वर्षीया बहिनी प्रिन्सालाई लिएर छिमेकी आइतबहादुर केरुङको घरमा गए। आइतबहादुर सदरमुकाम फिदिममा बस्दै आएको निकै वर्ष भयो। आइतबहादुरको घरमा ज्ञानबहादुर राई बस्दै आएका थिए। ज्ञानबहादुर सदरमुकाम फिदिममा मजदुर गर्छन्। उनी घरमा थिएनन्। ज्ञानबहादुरका ११ वर्षीय छोरा पवन राई दिप्सनका खेल्ने साथी हुन्। पवनका ७ वर्षीय भाइ दीपेश पनि घरमै थिए। उनीहरू चार जनाको समूहमा थिए।

नानीका आमाहरू मेलापात गएका थिए। दिप्सनका बुवा दिलीप साँवा वैदेशिक रोजगारीको सिलसिलामा दुबईमा छन्। घरमा ठूलो मान्छे नभएको बेला चार जना केटाकेटी जम्मा भएर रमाइलो गर्दै खेलिरहेका थिए। तर, उनीहरूको त्यो रमाइलो पल क्षणभरमै खोसियो।

मध्य दिउँसो एक्कासी जमिन थर्किने गरी विस्फोटको आवाज आयो। मेलापातमा रहेका गाउँलेहरू आतंकित भए। छिमेकमा रहेकी सोनी केरुङ विस्फोटको आवाज पछ्याउँदै आइतबहादुरको आँगनमा पुगिन्। 'आँगनमा केटाकेटीहरू जलिरहेका थिए,' घटना स्मरण गर्दै सोनीले भनिन्, 'उनीहरूको शरीरबाट धुवाँ उडिरहेको थियो। कोही चिच्याइरहेका थिए, कोही नानीहरू बेहोस थिए।'

केही क्षणमा गाउँलेहरू घटनास्थलमा जम्मा भए। प्रहरीहरू पनि घटनास्थलमा पुगे। गम्भीर घाइते दिप्सन साँवा, प्रिन्सा साँवा र पवन राईलाई जिल्ला अस्पताल फिदिम पठाइयो। सामान्य अवस्थामा रहेका दीपेश राईको प्राङ्बुङ स्वास्थ्य केन्द्रमा उपचार गरियो।

घाइतेहरूलाई जिल्ला अस्पताल फिदिम ल्याइपुर्‍याउँदा निकै अबेर भइसकेको थियो। अवस्था गम्भीर देखेपछि चिकित्सकहरूले दिप्सन र प्रिन्सालाई तत्काल झापाको बी एन्ड सी अस्पताल रेफर गरे। प्रिन्साको बाटोमै निधन भयो। उनका दाजु दिप्सनको बी एन्ड सीको बेडमा मध्यरातमा निधन भयो। घाइते पवनलाई पनि जिल्ला अस्पताल पाँचथरले शुक्रबार बी एन्ड सी रेफर गरेको छ। ग्रिनेट बिस्फोट हुँदा उक्त घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ। 'घटनास्थलमा खोजतलास गर्दा अर्को विस्फोटक पदार्थ भेटियो,' जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायब उपरीक्षक हेमन्त क्षेत्रीले भने, 'उक्त वस्तु होममेड ग्रिनेट भएको हाम्रो अनुमान छ।' घटनास्थलमा भेटिएको अर्को बम फिदिमस्थित नेपाली सेनाको रणशेर दल गणको टोलीले शुक्रबार डिस्पोज गरेको छ।

घाइते दीपेशका अनुसार खेल्दाखेल्दै घर नजिकै एउटा मज्जाको डल्लो भेटियो। त्यसलाई फुटाएर हेर्ने उनीहरूलाई मन भयो। उनीहरूले फुटाउने कोसिस गरे। कसैगरी डल्लो फुटेन। हेम्मर ल्याएर उनीहरूले डल्लोलाई जोडले प्रहार गरे। 'हेम्मरले हानेपछि ठूलो पडकएको थियो,' घटना स्मरण गर्दै पवनले भने।

घटनाको विषयमा विभिन्न किसिमको बहस सुरु भएको छ। द्वन्द्वकालका अवशेषको रूपमा रहेका विस्फोटक पदार्थ बच्चाले भेटाएपछि अप्रिय घटना भएको हुन सक्ने प्रमुख जिल्ला अधिकारी विष्णु कोइरालाले बताए। 'यो द्वन्द्वकालकै विस्फोटक पदार्थ हो भन्ने लागेको छ,' कोइरालाले भने, 'घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ।'





**मृतक दिप्सन र प्रिन्सा साँवा।** ● भीमकुमार बाँस्कोटा